नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर।

☎९७७-०१-५५२१३५९
🖷९७७-०१-५५२६२७६
इमेल:sqccnepal@gmail.com
वेभसाइट: www.sqcc.gov.np

प.सं.: सचिवालय/०८०/८१
च.नं. १२८

मिति: २०८०/०६/०१

**विषय: खाद्यान्न (गहुँ) बालीको उन्नत बीउ उपयोगमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा बीउको माग प्रविष्ट गर्ने सम्बन्धमा ।**

**श्री कार्यक्रम तथा बजेट बिनियोजन भएका सबै स्थानीय तह ।**

प्रस्तुत विषयमा संघ, प्रदेश तथा स्थानीय तहको समन्वय तथा सहकार्यमा गुणस्तरीय बीउ बिजनको उत्पादन, आपूर्ति तथा वितरण प्रणालीको सुदृढीकरण तथा स्वदेशी जातको प्रवर्द्धन गर्न स्वीकृत बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ बमोजिम चालु आर्थिक वर्ष २०८०/०८१ मा सङ्घीय शसर्त बजेट मार्फत् कार्यक्रम तथा बजेट विनियोजन भएका प्रदेशस्तर (कृषि ज्ञान केन्द्र/कृषि विकास कार्यालय/एकीकृत कृषि तथा पशुपन्छी विकास कार्यालय)बाट संचालन हुने गहुँबालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रम एवम् कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु मार्फत् संचालन हुने खाद्यान्न (गहुँ) बालीको उन्नत बीउ उपयोगमा ५० प्रतिशत मूल्य अनुदान कार्यक्रममा सहभागी हुन ईच्छुक बीउ उत्पादक तथा सम्बन्धित स्थानीय तहले subsidy.sqcc.gov.np वेवसाइट मार्फत् वा www.sqcc.gov.np मा Program/System अन्तर्गत राखिएको विद्युतीय बीउ व्यवस्थापन प्रणाली (Digital Seed Management System-DESES) मा गई देहाय बमोजिमका सर्तहरु तथा समय सिमा भित्र तोकिएका कागजातहरु अनिवार्य रुपमा अपलोड गरी अनलाइन रजिष्ट्रेसन (यस अघि रजिष्ट्रेसन भएकाले पुन रजिष्ट्रेसन गर्न नपर्ने, सोझै लग इन गर्न सक्ने) भई उन्नत बीउ उत्पादकले उक्त प्रणालीको **उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान सम्भागमा गहुँको उन्नत बीउ आपूर्ति विवरण** तथा सम्बन्धित स्थानीय तहहरुले आ-आफ्नो स्थानीय तहमा कृषकहरुबाट गहुँको उन्नत बीउको माग संकलन गरी विनियोजित सङ्घीय शसर्त बजेटबाट ५० प्रतिशत मूल्य अनुदानमा उपलब्ध गराउन सकिने गहुँको उन्नत बीउको परिमाण मात्र **उन्नत बीउ प्रयोगमा मूल्य अनुदान सम्भागमा** गई **माग विवरण** प्रविष्ट गर्न गराउन हुन अनुरोध छ। साथै, यस सम्बन्धमा यस केन्द्रबाट मिति २०८० असोज १ गते सोमबारको नयाँ पत्रिका राष्ट्रिय दैनिकमा प्रकाशित सूचनाको प्रतिलिपि समेत यसैसाथ संलग्न राखिएको व्यहोरा समेत अनुरोध गर्दछु ।

**<u>सर्त/बन्देज तथा समय सिमा</u>**

१. गहुँबालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान तथा उन्नत बीउको प्रयोगमा मूल्य अनुदान उपलब्ध हुने धानका जात/मूल्य/प्रोत्साहन अनुदान देहाय बमोजिम हुनेछ:

| बीउको स्तर | गहुँ बालीका जातहरु | उन्नत बीउको मूल्य (रु प्रति के.जी.) (अधिकतम) | उन्नत बीउ उत्पादकलाई उपलब्ध हुने प्रोत्साहन अनुदान (रु प्रति के.जी) | उन्नत बीउ प्रयोगकर्ता कृषकलाई उपलब्ध हुने मूल्य अनुदान (रु प्रति के.जी.) |
|---|---|---|---|---|
| उन्नत | विजय, गौतम, बाणगंगा, एन.एल. ९७१, तिलोत्तमा, डब्लु.के. १२०४, बि.एल. ४३४१, आदित्य, जिङ्क गहुँ १, जिङ्क गहुँ २, बोर्लोग २०२०, भृकुटी, स्वर्गद्वारी, धौलागिरी, डाँफे, पासाङ्गल्हामु, मुनाल, मुडुले १, कौटिला, तिला, सुर्मा, भेरीगंगा, हिमगंगा, खुमलशक्ति र अच्युत। | ७० | १२ | यस तालिकामा उल्लेखित मूल्यमा निर्देशिकाको दफा १० उपदफा ५ को खण्ड (छ), (ज) तथा (झ) अनुसार कायम हुने मूल्यको ५०% |

२. मूल बीउ उत्पादनको अनुमति पत्र नलिएका र मूल वा प्रमाणित बीउ लगाई उन्नत बीउ उत्पादनमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/सामुदायिक बीउ बैंक/कम्पनी/फर्मले मात्र उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदान कार्यक्रममा सहभागी हुन पाउने छन्।

२०८०/०६/०१
बेनु प्रसाद प्रसाई
प्रमुख (रा.प.प्र.प्र.)

नेपाल सरकार
कृषि तथा पशुपन्छी विकास मन्त्रालय
**बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र**
हरिहरभवन, ललितपुर।

☎९७७-०१-५५२१३५९
🖷९७७-०१-५५२८२७६
इमेल:sqccnepal@gmail.com
वेभसाइट: www.sqcc.gov.np

प.सं. : सचिवालय/०८०/८१
च.नं.

३. गहुँ बालीको उन्नत बीउ उत्पादनमा प्रोत्साहन अनुदानका लागि अनलाइन आवदेन गर्ने उन्नत बीउ उत्पादकले सर्तको १ नम्बर बुँदामा बीउको प्रकृति अनुसार कायम गरिएको अधिकतम् मूल्यमा बीउ प्रशोधन, बीउ उपचार लगायतका बीउ उत्पादनका सबै सर्तहरु पुरा गरी गुणस्तरीय टयागिङ्ग, ब्यागिङ्ग तथा लेवलिङ्ग भएको गहुँको उन्नत बीउ उपलब्ध गराउनु पर्नेछ।

४. उन्नत बीउमा प्रोत्साहन अनुदान प्राप्त गर्ने अनुदानग्राही तथा बीउ माग गर्ने स्थानीय तहले Digitally Enabled Seed Management System (DESES) बाट तयार गरेको वासलात बमोजिम अनिवार्य रुपमा बीउको आपूर्ति तथा वितरण गर्नुपर्नेछ।

**५. रजिष्ट्रेसन/लगइन प्रारम्भ मिति: २०८० असोज १ गते सोमबार**

**६. रजिष्ट्रेसन समाप्त हुने मिति: २०८० असोज १५ गते सोमबार**

**७. स्थानीय तहले उन्नत बीउ माग तथा उन्नत बीउ उत्पादकले आपूर्ति विवरण प्रविष्ट गर्ने अन्तिम मिति: २०८० असोज २६ गत शुक्रबार सम्म**

८. अन्य शर्त तथा विस्तृत जानकारीका लागि www.moald.gov.np, www.sqcc.gov.np, www.doanepal.gov.np मा राखिएको बीउ बिजन उत्पादन, आपूर्ति तथा व्यवस्थापन निर्देशिका, २०७८ हेर्न सकिनेछ ।

**थप जानकारीको लागि :** बीउ बिजन गुणस्तर नियन्त्रण केन्द्र, ललितपुर : ०१-५४२१३५९, ९८४५१२५०९०, ९८४८२४७८६९, कृषि विभाग, हरिहरभवन, ललितपुर : ०१-५४२१३२३, ९८४३७४३९५७ तथा सम्बन्धित जिल्ला स्थित कृषि कार्यालय तथा कार्यक्रम र बजेट विनियोजन भएका स्थानीय तहहरु।

२०८०/०५/०९
बेनु प्रसाद प्रसाई
प्रमुख (रा.प.प्र.प्रा.)

**बोधार्थ:**
श्री कृषि तथा पशुपन्छी विकास मन्त्रालय, सिंहदरबार ।